# जिल्ला विकास समितिको कार्यालय, गुल्मी

८४. **जिन्सी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १२० बमोजिम कार्यालयले जिन्सी सामानको सदुपयोग र संरक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयको नाममा प्राप्त निम्नानुसार सामान विभिन्न कार्यालय, पूर्व पदाधिकारी एवं कर्मचारीलाई दिएकोमा फिर्ता लिएको छैन ।

| बुझी लैजाने संस्था/व्यक्ति | सामानको नाम | मूल्य |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय, गुल्मी । | कम्प्युटर, १४" कलर टि.भी., अफिस कुर्सी २, एस मोडल कुर्सी २, स्टेवलाइजर | गार्डेपबाट प्राप्त, मूल्य नखुलेको । |
| जिल्ला प्रहरी कार्यालय, गुल्मी । | कम्प्युटर, प्रिन्टर, स्टेवलाइजर, अफिस टेवुल आदि | मूल्य नखुलेको । |
| जिल्ला पशुसेवा कार्यालय, गुल्मी । | फ्रिज, फाइल क्याविनेट, ग्यास सिलिण्डर | गार्डेपबाट प्राप्त, मूल्य नखुलेको । |
| कोष तथा लेखा नियन्त्रक कार्यालय | ओनिडा टि.भी. १ | मूल्य नखुलेको । |
| तत्कालीन स्थानीय विकास अधिकारी शेरबहादुर ढुङ्गाना | मुभि क्यामेरा १ | मूल्य नखुलेको । |
| तत्कालीन उप–सभापति अशोक श्रेष्ठ | सोनी भिडियो क्यामेरा १ | मूल्य नखुलेको । |
| तत्कालीन इलाका स.ओ.सी.हरु लिलाबहादुर खनाल, गोविन्द ढकाल, बसन्त कुंवर र विक्रम बुढापृथी | १/१ एवीन लेवल | ८,५००।– र ९,५००।– प्रति थान । |

८५. **अग्रिम भुक्तानी** – नेपाल टेलिकमलाई टेलिफोन महसुल बापत रु.७० हजार अग्रिम भुक्तानी गरेको छ । उक्त रकमको दिनुपर्ने दायित्व सिर्जना नभई खर्चको बिल बेगर पेश्की समेत नजनाई खर्च लेख्न मिल्ने देखिएन ।

८६. **हर्जाना** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८०(३) बमोजिम ठेक्का सम्झौतामा तोकिएको अवधिभित्र ठेक्काको काम पूरा हुन नसकेकोमा त्यस्तो ठेकेदारबाट ठेक अङ्कको प्रति दिन ०.०५ प्रतिशतले हुने हर्जाना असुल गर्नुपर्ने व्यवस्था छ । तर रेसुङ्गा, भ्यूटावर निर्माण गर्ने एक ठेकेदारसँग २०६२।९।३० सम्ममा कार्यसम्पन्न गर्नेगरी रु.२१ लाख ५४ हजारको ठेक्का सम्झौता गरेकोमा म्याद थप भएको नदेखिँदा बिलम्व दिन १५६ को हर्जाना रु.१ लाख ६६ हजार असुल गरेको छैन ।